# महालक्ष्मी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## इमाडोल, ललितपुर

# एकिकृत सम्पत्तिकर संकलन तथा व्यवस्थापन निर्देशिका
## २०७४


महालक्ष्मी नगरपालिका

इमाडोल, ललितपुर

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
३ प्रदेश, नेपाल
कमलपोखरी, ललितपुर
२०७३

# महालक्ष्मी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## इमाडोल, ललितपुर

# एकिकृत सम्पत्तिकर संकलन तथा व्यवस्थापन निर्देशिका
## २०७४

## महालक्ष्मी नगरपालिका
इमाडोल, ललितपुर

# एकीकृत सम्पत्तिकर व्यवस्थापन निर्देशिका, २०७४

## परिचय :

नगरपालिकालाई स्थानीय स्रोतको परिचालनमा सक्षम र प्रभावकारी बनाउन स्थानीय स्तरमा नै निर्णय गर्ने अधिकार दिई स्रोत संकलन र व्यवस्थापनमा आत्मनिर्भर बनाउन नेपालको संविधान २०७३ बमोजिम अनुसूची ८ स्थानीय तहको एकल अधिकारक्षेत्रको अनुक्रम ४ अन्तर्गत व्यवस्था भएको स्थानीय तहको राजश्व सम्बन्धी अधिकार, अनुसूची ९ अनुसूची अनुक्रम ६ अन्तर्गत संघ, प्रदेश र स्थानीय तहको संयुक्त अधिकारक्षेत्र अन्तर्गत बिभिन्न कर तथा गैरकर राजश्वका क्षेत्रहरु बमोजिम नगरपालिकालाई एकीकृत सम्पत्तिकर लगाउन र संकलन गर्न पाउने संवैधानिक व्यवस्था गरिएको छ ।

यस व्यवस्थाअनुरूप एकीकृत सम्पत्तिकर व्यवस्थापन प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्ने उद्देश्यले नगरपालिका, नगर कार्यपालिका (कार्यविभाजन) नियमावली २०७४ र कार्यसम्पादन नियमावली २०७४ बमोजिम महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको मिति २०७४।३। ३१ गते सम्पन्न प्रथम नगरसभाको निर्णयबाट यो एकीकृत सम्पत्तिकर व्यवस्थापन निर्देशिका स्वीकृत गरी लागू गरिएको छ ।

**निर्देशिकाले आत्मसात गरेको उद्देश्यहरु:**

१. एकीकृत सम्पत्तिकरको प्रभावकारी कार्यान्वयनबाट नगरपालिकाको राजस्व परिचालनमा वृद्धि गर्ने,
२. यसको व्यवस्थापन प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्ने,
३. एकीकृत सम्पत्तिकरको प्रभावकारी व्यवस्थापनका लागि नगरपालिकाबाट स्वीकृति प्राप्त गरी कर्मचारीहरुलाई मार्गदर्शन गर्ने,
४. यसको व्यवस्थापनमा सरोकारवालाको भूमिका स्पष्ट गर्ने र कार्यविधि सरल बनाउने,
५. यसको कार्यान्वयनको क्रममा प्रयोग हुने फाराम तथा खाताहरूको ढाँचा स्पष्ट गर्ने ।

## परिच्छेद - १
## संक्षिप्त नाम र परिभाषा

१. **संक्षिप्त नाम तथा प्रारम्भ** : यो निर्देशिकाको नाम "एकीकृत सम्पत्तिकर व्यवस्थापन निर्देशिका, २०७४" राखिएको छ र यो निर्देशिका नगरसभाबाट स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा :**

क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनुपर्छ ।
ख) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ (संशोधन समेतलाई )सम्झनुपर्छ ।
ग) "आर्थिक नियमावली" भन्नाले स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ सम्झनुपर्छ ।
घ) "परिषद्" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ७६ बमोजिमको नगरपारिषद् सम्झनुपर्छ ।
ङ) "नगरपालिका" भन्नाले नगरपालिका बोर्डलाई सम्झनुपर्छ ।
च) "एकीकृत सम्पत्तिकर" भन्नाले नगरक्षेत्रको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनामा लाग्ने करलाई सम्झनुपर्छ ।
छ) "सम्पत्ति" भन्नाले कुनै व्यक्तिका नाममा नगरक्षेत्रभित्र रहेको जग्गा र त्यस्तो जग्गामा बनेको संरचनालाई जनाउँछ ।
ज) "संरचना" भन्नाले घर, टहरा, गोदाम, सेड, ग्यारेज, पर्खालजस्ता स्थायी निर्माणलाई सम्झनुपर्छ ।
झ) "सामुदायिक संस्था" भन्नाले नगरपालिका क्षेत्रभित्र गठन भई नगरपालिकामा सूचीकृत भएको समुदायमा आधारित संगठित संस्थालाई जनाउँछ ।
ञ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।
ट) "कार्यकारी अधिकृत" भन्नाले नगरपालिकाको सचिव/कार्यकारी अधिकृतलाई जनाउँछ ।
ठ) "मूल्यांकन समिति" भन्नाले एकीकृत सम्पत्तिकर प्रयोजनका लागि जग्गा तथा संरचनाको मूल्यांकन गर्ने नगरपालिकाद्वारा निर्देशिकाबमोजिम गठित समिति तथा उप समिति समेतलाई सम्झनुपर्छ ।

ड) "बिजक" भन्नाले करदातालाई जानकारी दिने उद्देश्यले नगरपालिकाले तयार गरेको सम्पत्तिको मूल्यांकन र सोमा लाग्ने करसम्बन्धी बिललाई जनाउँछ ।

ढ) "करदाता" भन्नाले नगरक्षेत्रभित्र जग्गा तथा संरचनाको स्वामित्व भएका व्यक्तिहरूलाई जनाउँछ ।

ण) "स्वयं विवरण दाखिला" भन्नाले करदाता आफैंले आफ्नो सम्पत्तिको यथार्थ विवरण खोली निर्धारित ढाँचामा नगरपालिकामा बुझाउने कार्यलाई जनाउँछ ।

त) "स्थलगत सर्वेक्षण" भन्नाले नगरपालिकाद्वारा गठित कर्मचारीको टोली वा कुनै कर्मचारीले स्थलगत रूपमा छलफलसमेत गरी सूचना संकलन गर्ने कार्यलाई जनाउँछ ।

थ) "प्रचलित कानुन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६, स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ का अतिरिक्त अन्य कानुनलाई सम्झनुपर्छ ।

द) "क्षेत्र तथा उपक्षेत्र" भन्नाले नगरपालिकाले राजश्व प्रयोजनका लागि निर्धारण गरिने व्यवसायिक, आवासीय, औद्योगिक, कृषि, संस्थागत, धार्मिक, सांस्कृतिक तथा अन्य क्षेत्रलाई जनाउँछ ।

ध) "निजी क्षेत्र" भन्नाले स्वीकृति प्राप्त निजी क्षेत्रका कम्पनी, फर्म, संस्था, व्यावसायिक व्यक्ति वा संगठित समूहलाई जनाउँछ ।

न) "सरोकारवाला" भन्नाले नगरपालिकाको निर्णयले प्रत्यक्ष रूपमा प्रभाव पार्ने व्यक्ति वा संस्थाहरूलाई जनाउँछ ।

प) "सम्पत्ति धनी" भन्नाले नगरक्षेत्रभित्र आफ्ना नाममा जग्गा तथा संरचना भएका व्यक्ति, सरकारी तथा अर्ध सरकारी निकाय वा संघसंस्थालाई जनाउँछ ।

फ) "कार्यालय" भन्नाले नगरपालिका कार्यालयलाई जनाउँछ ।

ब) "सडक" भन्नाले चार मिटर आठ फिट वा सो भन्दा भन्दा बढी चौडा भएको मोटर चल्न सक्ने बाटोलाई जनाउँदछ ।

भ) "गोरेटो बाटो वा अन्य निकास" भन्नाले आठ फिट भन्दा कम चौडा भएको बाटोलाई जनाउँछ ।

## परिच्छेद - २
## एकीकृत सम्पत्तिको विवरण संकलन तथा अभिलेखसम्बन्धी व्यवस्था :

### ३. एकीकृत सम्पत्तिको विवरण संकलन विधि :

३.१ नगरपालिकाले एकीकृत सम्पत्तिकर लागू गर्ने प्रयोजनका लागि करदाताका नाममा रहेको एकीकृत सम्पत्तिको विवरण संकलनकार्यको सुरुआत गर्नेछ ।

३.२ एकीकृत सम्पत्तिको विवरण संकलनका लागि नगरपालिकाको आफ्नै स्रोत र प्रयासबाट नगरक्षेत्रका प्रत्येक व्यक्तिका नाममा रहेको सम्पत्तिको पहिचान गरी एकीकृत सम्पत्तिको लगत तयारी तथा अद्यावधिक गर्न कार्यालयमा उपलब्ध सूचना एवं तथ्यांक, स्थलगत सर्वेक्षण विधि वा स्वयं विवरण दाखिला विधिमध्ये कुनै एक वा मिश्रित विधि प्रयोगमा ल्याउन सक्नेछ ।

३.३ नगरपालिकाले करदाताहरूको सम्पत्तिको विवरण संकलन गर्नका लागि स्थलगत सर्वेक्षण विधि वा स्वयं विवरण दाखिला विधिको छनोट गरी सोका लागि कार्ययोजना सहितको परियोजना प्रस्ताव स्वीकृत गर्नुपर्नेछ ।

३.४ सम्पत्तिको विवरण संकलनका लागि परियोजना प्रस्ताव बमोजिमको कार्य गर्न मौजुदा जनशक्ति अपर्याप्त भई थप जनशक्तिको आवश्यकता परेमा त्यस्तो जनशक्ति प्रचलित कानुनबमोजिम करारमा नियुक्त गरी वा गुठी वा सामाजिक संगठित संस्था अन्य संगठित वा सामुदायिक संघसंस्थासँग सम्झौता गरी सेवा करारमा लिन सकिनेछ ।

### ४. स्थलगत सर्वेक्षण सम्बन्धी व्यवस्था :

४.१ नगरपालिकाले करदाताहरूको सम्पत्तिको विवरण संकलन गर्न आवश्यकताअनुसार सर्वेक्षण टोली गठन र प्रशिक्षण गरी लगत संकलन कार्यमा खटाउन सक्नेछ ।

४.२ बुँदा ४.१ बमोजिम टोली खटाउनुपूर्व करदाताहरूलाई सोको जानकारी दिन र हुने उपलब्धी प्रसार गर्न नगरपालिकाले सूचना जारी गरी प्रचार प्रसार गर्नेछ ।

४.३ स्थलगत सर्वेक्षणको लागि खटिएको टोलीले अनुसूची - १ बमोजिमको फाराम प्रयोगमा ल्याउनेछ ।

४.४ नगरपालिकाबाट खटिएको स्थलगत सर्वेक्षण टोलीलाई नगरक्षेत्रभित्र आआफ्ना नाममा रहेको सम्पत्तिको विवरण उपलब्ध गराउनु र संरचनाको नापजाँच गर्न आवश्यक सहयोग गर्नु सम्बन्धित सम्पत्ति धनी वा सम्पत्ति जिम्मा लिने व्यक्तिको कर्तव्य हुनेछ ।

४.५ बुँदा नं. ४.४ बमोजिम कुनै सम्पत्ति धनीले सर्वेक्षण टोलीलाई विवरण उपलब्ध नगराएमा नगरपालिकाले निर्देशिकाको बुँदा नं. ११ को "विवरण पेस नगर्ने करदाताको सम्पत्तिको मूल्याकन सम्बन्धी व्यवस्था" बमोजिम कर निर्धारण गरी कर बिजक जारी गर्नेछ ।

४.६ नगरपालिकाले संकलन गरेको विवरण वार्षिक रूपमा सर्वेक्षण टोली खटाई अद्यावधिक गर्नु पर्नेछ । यस्तो सर्वेक्षण टोली खटाउने र विवरण अद्यावधिक गर्ने कार्य सोही आर्थिक वर्षको कर बिजक जारी हुनुपूर्व सम्पन्न गरिसक्नु पर्नेछ ।

## ५. स्वयं विवरण दाखिला सम्बन्धी व्यवस्था :

५.१ नगरपालिकाले प्रत्येक तीन वर्षमा एकपटक नगरक्षेत्रभित्रका सम्पत्ति धनीहरूलाई अनुसूची - १ बमोजिमको विवरण फाराम भरी आ-आफ्नो सम्पत्तिको विवरण दाखिला गर्न अनुसूची - २ बमोजिमको सूचना आह्वान गर्नुपर्नेछ ।

५.२ नगरपालिकाले एकीकृत सम्पत्ति लागू गर्ने आर्थिक वर्ष सुरु हुनु अगावै बुँदा ५.१ बमोजिमको सूचना जारी गरी करदाताहरूबाट सम्पत्तिविवरण दाखिला गर्ने म्याद दिनु पर्नेछ ।

५.३ नगरपालिकाले बुँदा नं. ५.१ र ५.२ बमोजिमको सूचना जारी गर्दा पहिलो पटक करदाताहरूलाई विवरण दाखिला गर्न पैंतीस (३५) दिनको म्याद दिनेछ । उक्त म्याद भित्र विवरण दाखिला हुन नसकी म्याद बढाउन आवश्यक ठानेमा पटकपटक गरी बढीमा एक महिनासम्म म्याद बढाउन सक्नेछ ।

५.४ नगरपालिकाले बुँदा नं. ५.३ बमोजिम सम्पत्तिको विवरण दाखिला गर्न आह्वान गरेको समयावधिभित्र अनुसूची - १ बमोजिमको फाराममा आ-आफ्नो जग्गा तथा संरचनाको सत्य तथ्य विवरण भरी नगरपालिकामा दाखिला गर्नु सम्बन्धित सम्पत्ति धनीको कर्तव्य हुनेछ ।

५.५ नगरपालिकाले अनुसूची - २ बमोजिमको ढाँचामा सम्पत्ति विवरण दाखिला गर्ने सूचना आह्वान गर्नेछ । यस्तो सूचना प्रकाशन र प्रसारण गर्दा उपलब्ध सञ्चारका माध्यमहरूलाई प्रयोगमा ल्याउनु पर्नेछ ।

५.६ सम्पत्ति धनीहरूलाई विवरण फाराम भर्न सहयोग गर्नका लागि नगरपालिकाले आवश्यकताअनुसार स्थानीय संघसंस्था, सामुदायिक संस्था, टोल विकास संगठन तथा स्वयंसेवकहरूलाई परिचालन गर्न सक्नेछ ।

५.७ बुँदा नं. ५.६ बमोजिमका संघ, संस्था, संगठन तथा स्वयंसेवकहरू परिचालन गर्दा एकीकृत सम्पत्तिकरसम्बन्धी अभिमुखीकरण गर्नु पर्नेछ ।

५.८ कुनै करदाताले सम्पत्तिको विवरण दाखिला गरेपछि जग्गाको स्वामित्वमा परिवर्तन वा संरचना निर्माणका कारणले सम्पत्ति थपघट भएमा प्राप्त गर्नेले वा निर्माण गर्नेले सोको प्रमाण सहितको विवरण पैंतीस (३५) दिनभित्र नगरपालिकामा बुझाउनु पर्नेछ । अन्यथा बुँदा नं. १५.१ बमोजिम थप शुल्क लिई नगरपालिकाले विवरण बुझिलिनेछ ।

५.९ सम्पत्तिको विवरण सम्पत्ति धनी स्वयंले नगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

५.१० बुँदा नं. ५.९ बमोजिम सम्पत्ति धनी स्वयं उपस्थित भई विवरण दाखिला गर्न नसकेमा सगोलको परिवारका कानुन बमोजिम उमेर पुगेका कुनै सदस्यले वा सम्पत्ति धनीको वारेसनामा प्राप्त व्यक्तिले दाखिला गर्न सक्नेछन् । परिवारका अन्य सदस्य नभएका नाबालक, अन्धा, अपांग तथा अशक्तहरुको हकमा वडा समितिको सिफारिश सहित निजको संरक्षकले सम्पत्ति विवरण बुझाउन सक्नेछ ।

५.११ संयुक्त स्वामित्वमा रहेको सम्पत्तिको विवरण सम्पत्ति धनीहरूले संयुक्त रूपमा वा सोमध्ये कुनै एकजनाले दाखिला गर्न सक्नेछ ।

५.१२ कुनै करदाताले बुँदा नं. ५.३ को समयावधिभित्र सम्पत्तिविवरण फाराम दाखिला नगरेमा वा झुट्टा विवरण दाखिला गरेमा नगरपालिकाले परिच्छेद ५ को बुँदा नं. १५ अनुसार थप शुल्क लिई विवरण फाराम बुझिलिन सक्नेछ ।

## ६. सम्पत्तिको प्रमाण तथा विवरण संकलनसम्बन्धी व्यवस्था :

६.१ करदाताले जग्गाको विवरण दाखिला गर्दा क्षेत्रफलसमेत खुलेको आफ्नो स्वामित्वको प्रमाण साथै पेस गर्नु पर्नेछ ।

महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको कार्यालय ३ नं. प्रदेश, नेपाल कैमलपोखरी, ललितपुर २०७३

६.२ बुँदा नं. ६.१ बमोजिमको पेस भएको प्रमाण आधिकारिक नभएमा त्यस्तो जग्गाको विवरण नगरपालिकाले स्वीकार गर्ने छैन ।

६.३. बुँदा नं. ६.१ र ६.२ मा जे सुकै लेखिएको भएता पनि जग्गाको स्वामित्वको आधिकारिक प्रमाण प्राप्त भै नसकेका (गाँउव्लक, पर्खाल, स्वबासी आदि जग्गा) जग्गामा नगरपालिकाबाट संरचना बनाउने स्वीकृति लिई निर्माण भएका संरचनाहरुको हकमा संरचनाहरुकोमात्र विवरण संकलन गरी सोको मूल्यांकन गरी एकीकृत सम्पत्ति कर असूल गरिनेछ ।

तर, नगरपालिका गठनहुनु पूर्व यस्ता जग्गामा बनेका संरचनाहरुको वडा समितिले गरेको सिफारिशको आधारमा संरचनाको विवरण संकलन गरी मूल्यांकन गरीनेछ ।

६.४ करदाताहरूले विवरण दाखिला गर्दा देहायबमोजिमका कागजातहरूसमेत संलग्न गरी पेस गर्नु पर्नेछ ।

६.४.१ एकीकृत सम्पत्तिकर लागू हुनुभन्दा अघिल्लो आर्थिक वर्षसम्मको मालपोत वा भूमिकर तिरेको निस्सा वा नगरपालिकाको प्रमाणित विवरण ।

६.४.२ अघिल्लो आर्थिक वर्षसम्मको मालपोत चुक्ता गरेको निस्सा वा घरजग्गाकर नलाग्ने भए सोको नगरपालिकाको प्रमाणित विवरण ।

६.४.३ जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपि वा जग्गाको स्वामित्व र क्षेत्रफल खुलेको प्रमाण कागजात ।

६.४.४ निर्माण सम्पन्न भएको प्रमाण ।

६.४.५. संघ संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्र तथा संस्थाको विधान ।

६.५ स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४४ को उपनियम १६ बमोजिम एकीकृत सम्पत्तिकर नलाग्ने भनी तोकिएको सम्पत्तिमा प्रचलित कानुन बमोजिम एकीकृत सम्पत्तिकर लाग्ने कुनै व्यक्ति, संघ, संस्था वा निकायले निश्चित अवधिसम्म प्रयोग गर्ने गरी कुनै संरचना निर्माण गरेमा यस्तो संरचनाको विवरण दाखिला गर्ने र एकीकृत सम्पत्तिकर बुझाउने दायित्व सम्बन्धित निर्माणकर्ताको हुनेछ । यस्तो अवस्थामा एकिकृत सम्पत्तिकर मूल्यांकन गर्दा त्यस्तो संरचनालाई मात्र मूल्यांकन गरिनेछ ।

६.६ कर तिर्ने दायित्व भएका कुनै सम्पत्ति धनीको जग्गामा निजको मन्जुरनामा लिई अर्को व्यक्तिले संरचना निर्माण गरेमा संरचनासमेतको विवरण दाखिला गर्ने तथा कर बुझाउने दायित्व सम्बन्धित जग्गा धनीको हुनेछ ।

६.७ करदाताले भरेको विवरण तथा प्रमाण जाँच गरी दर्ता गर्न नगरपालिकाले कर्मचारी वा टोली खटाउन सक्नेछ । यस्ता कर्मचारी वा टोलीले बुझ्न चाहेको सूचना वा माग गरेको विवरण उपलब्ध गराउनु सम्बन्धित सम्पत्ति धनीको कर्तव्य हुनेछ ।

६.८ कुनै निर्माणधिन संरचनाको एकिकृत सम्पत्तिकर मूल्यांकन गर्ने प्रयोजनको लागि कुनै द्विविधा उत्पन्न भएमा सम्बन्धित अधिकारीले छानविन गरी निर्णय दिन सक्नेछ ।

**७ एकीकृत सम्पत्तिको अभिलेखसम्बन्धी व्यवस्था :**

७.१ नगरपालिकाले वडागत रूपमा अलगअलग लगतकिताब खडा गरी प्रत्येक सम्पत्तिधनीको सम्पत्तिको छुट्टाछुट्टै विवरण देखिने गरी अनुसूची - ३ बमोजिमको ढाँचामा एकीकृत सम्पत्तिको अभिलेख राख्नु पर्नेछ ।

७.२. एकीकृत सम्पत्ति विवरण अभिलेखलाई पुष्टीगर्ने कागजातहरु संकलन गरी व्यवपस्थित रुपले फाईलिङ्ग गरी अद्यावधिक राख्नु पर्दछ ।

७.३ एकीकृत सम्पत्तिको लगत किताब वा विवरण कम्तीमा तीन वर्षका लागि हुने गरी तयार गर्नु पर्नेछ । यस्तो लगत किताबमा करदाताले बुँदा नं. ५.८ बमोजिम पेस गरेको विवरणका आधारमा अद्यावधिक गर्नु पर्नेछ ।

७.४ बुँदा ७.२ अनुसार सम्पत्ति विवरण अद्यावधिक गर्दा अनुसूची - ४ बमोजिमको दाखिला टिपोट भरी सोका आधारमा जग्गा दिनेको खाताबाट सम्पत्ति घटाई तथा जग्गा लिनेको खातामा सम्पत्ति बढाई अद्यावधिक गर्नु पर्नेछ ।

७.५ नगरपालिकाले करदाताले पेस गरेका विवरणहरू अद्यावधिक गर्दा स्थलगत निरीक्षण वा सम्बन्धित निकायबाट सूचना प्राप्त गरी गर्न सक्नेछ ।

आत्माराम सत्याल
... अधिकृत

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
३ प्रदेश, नेपाल
कमलपोखरी, ललितपुर

## परिच्छेद - ३
## एकीकृत सम्पत्तिको मूल्यांकनसम्बन्धी व्यवस्था :

८. **सम्पत्तिको मूल्यांकन विधि :**

८.१ नगरपालिका क्षेत्रभित्र कुनै एक व्यक्तिका नाममा विभिन्न स्थानमा रहेका सम्पत्तिहरूलाई अलगअलग मूल्यांकन गरी एकीकृत गरिनेछ ।

८.२ संयुक्त स्वामित्वमा रहेको सम्पत्तिलाई एक व्यक्तिसरह मानी सोहीबमोजिम करदाता कायम गरिनेछ । संयुक्त स्वामित्वको सम्पत्ति सोही व्यक्तिको अन्य सम्पतिमा जोडिने छैन ।

८.३ एकीकृत सम्पत्तिकर प्रयोजनका लागि नगरपालिकाले गरेको मूल्यांकन तीन वर्षसम्म कायम रहनेछ ।

८.४ सम्पत्तिधनीले पहिलोपटक पेस गरेको सम्पत्तिविवरण थपघट भएमा वा बुँदा नं. १०.४ बमोजिम करदाताको सम्पत्तिको मूल्यांकनदर संशोधन भएमा त्यस्तो सम्पत्तिको पुन: मूल्यांकन गरिनेछ ।

८.५ प्रत्येक आर्थिक वर्षको श्रावण १ गतेका दिन कायम रहेको करदाताका नाममा रहेको सम्पत्तिको मूल्यांकन गरी कर असुल गरिनेछ ।

८.६ सम्पत्तिको मूल्यांकन प्रयोजनको लागि जग्गाधनी प्रमाणपुर्जाका आधारमा जग्गाको स्वामित्व तथा क्षेत्रफल कायम गरिनेछ ।

८.७ बुँदा नं. ६.२. र ६.४ बमोजिम प्राप्त सम्पत्तिको मूल्यांकन गर्दा संरचनाको मात्र मूल्यांकन गरी एकीकृत सम्पत्तिकर असुल गरिनेछ ।

८.८ संरचनाको मूल्यांकन प्रयोजनका लागि संरचनाको प्रकार, बनोटको किसिम, आकार, प्रयोग तथा निर्माण मिति करदाताले पेस गरेको विवरणअनुसार कायम गरिनेछ ।
तर, नक्सापास भएका संरचनाको हकमा नक्सापास प्रमाणपत्रलाई आधारका रूपमा लिन बाधा पुगेको मानिने छैन ।

८.९. एउटै जग्गा धनिको नाममा रहेका सिमाना जोडिएका कित्ताहरुको मूल्यांकन गर्दा त्यस्तो जग्गाहरु मध्ये कुनै कित्ताले सडक छोएको रहेछ भने सडकले छोएको कित्ता वाहेक अन्य कित्तालाई सडकले नछोएको जग्गा सरह मूल्यांकन गरीनेछ ।

८.१० नगरपालिकाले संरचनाको मूल्यांकन गर्दा सिनेमा हल, ठूला उद्योग, कलकारखाना जस्ता संरचनाहरुको स्थलगत रुपमा नै नापजाँच गरी मूल्यांकन गर्न सक्नेछ ।

८.११ जग्गा धनी प्रमाणपत्र प्राप्त भै नसकेका जग्गामा बनेका संरचनाको मूल्यांकन गर्दा निर्मित संरचनाको मात्र मूल्यांकन गरिनेछ ।

९ **९.१ एकिकृत सम्पत्तिकर मूल्यांकन समिति:**

एकिकृत सम्पत्तिकर प्रयोजनका लागि करदाताहरुसंग रहेको जग्गा तथा भौतिक संरचनाको मूल्यांकन प्रयोजनका लागि नगरपालिकाले नियम १४४ (३) बमोजिम गठन हुने मूल्यांकन समितिले उपनियम (५) तथा यस कार्यविधिले परिभाषित गरेको क्षेत्र तथा उपक्षेत्रको आधारमा गरिएको सिफारिस र नगरपालिकाले गरेको निर्णय अनुसार हुनेछ ।

९.१.१ नगरपालिका क्षेत्रभित्रका जग्गाको क्षेत्र विभाजन गरी अनुसूची - ५ बमोजिमको ढाँचामा न्यूनतम मूल्यांकनदर सिफारिस गर्ने । यसरी मूल्यांकन सिफारिश गर्दा सडकले छोएको जग्गाको अधिकतम लम्बाईको सिमा समेत खोल्नुपर्नेछ ।

९.१.२ संरचनाका हकमा सोको बनोट, रहेको स्थान, प्रयोग र लाभलाई समेत विचार गरी अनुसूची - ६ बमोजिमको ढाँचामा मूल्यांकनदर सिफारिस गर्ने ।

९.१.३ जग्गा तथा संरचनाको मूल्यांकनदर सिफारिस गर्ने प्रयोजनका लागि स्थलगत अध्ययन, छलफल तथा परामर्श गोष्ठीको आयोजना गर्ने । छलफल एवं परामर्शका लागि आवश्यकताअनुसार स्थानीय संघसंस्था तथा टोल विकास संगठनका प्रतिनिधिलाईसमेत आमन्त्रण गर्ने ।

९.१.४ नगरपरिषदले स्वीकृत गरेको मूल्यांकनउपर कुनै करदातालाई चित्त नबुझी निवेदन दिएमा सोको जाँचबुझ गरी निर्णयका लागि नगरपालिकासमक्ष पेस गर्ने ।

९.१.५ मूल्यांकनसम्बन्धमा प्राप्त गुनासा तथा उजुरीहरूमा रायसहित निर्णयका लागि नगरपालिकासमक्ष सिफारिससहित पेस गर्ने ।

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
३ प्रदेश, नेपाल
२०७३

९.१.६ एकीकृत सम्पत्तिकर व्यवस्थापनका लागि नगरपालिकाले तोकिदिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

९.१.७ मूल्यांकन समितिले सम्पत्ति मूल्यांकन गर्दा प्रचलित बजारमूल्यलाई आधार बनाउनेछ ।

९.१.८ करदाताले पेश गरेको जग्गाको मूल्यांकन अस्वभाविक बढी पाइएमा छानविन गरी मूल्यांकन गर्ने ।

९.१.९ मूल्यांकन समितिले रायसुझाव तथा सरसल्लाहका लागि आवश्यक ठानेका वडाअध्यक्ष तथा अन्य व्यक्तिलाई मूल्यांकन समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ । यस्ता आमन्त्रित सदस्यले मूल्यांकन समितिका सदस्यहरूले पाएसरह सुविधा पाउनेछन् ।

**९.२ एकिकृत सम्पत्तिकर व्यवस्थापन अनुमगन समिति सम्बन्धी व्यवस्था :**

९.१ नगरपालिकाले एकीकृत सम्पत्तिकर कार्यान्वयनका कामहरुको नियमित गर्न, व्यवस्थित रुपमा कार्य संचालन भए नभएको हेर्न, गल्ती कमजोरीहरुको पहिचान गर्न र सो को तत्काल समाधान गर्न, करदाताबाट प्राप्त गुनासा सुन्ने र गुनासाको निराकरण गर्ने र गराउन तथा आन्तरिक समस्याको पहिचान गरी सो को निराकारण गर्न देहायबमोजिमको एकीकृत सम्पत्तिकर अनुगमन समिति गठन गर्नेछ ।

१. कार्यकारी अधिकृत : संयोजक
२. प्रशासन प्रमुखः सदस्य
४. राजश्व शाखा प्रमुख : सदस्य सचिव
नगरपालिकाले आवश्यक सम्झेका अन्य व्यक्ति : स्थाई आमन्त्रित सदस्य

९.२ अनुगमन समितिको बैठक कम्तिमा महिनामा एकपटक बस्नु पर्नेछ । समितिको सदस्यले नगरपालिका सदस्यले पाएसरह बैठकभत्ता पाउनेछ ।

**१० करदाताको सम्पत्तिको मूल्यांकन**

१०.१ प्रत्येक करदाताको सम्पत्तिको मूल्यांकन अनुसूची - ७ बमोजिमको मूल्यांकन फारामको ढाँचामा कार्यकारी अधिकृतले तोकेको कर्मचारीले गर्नेछन् ।

१०.२ जग्गाको मूल्यांकन गर्दा सामान्यतः करदाता स्वयंले पेस गरेको मूल्यांकनदरका आधारमा गरिनेछ । तर, करदाताले पेस गरेको मूल्यांकनको दर नगरपरिषद्ले तोकेको न्यूनतम दरभन्दा कम भएमा नगरपरिषद्ले तोकेको न्यूनतम मूल्यांकनदरअनुसार मूल्यांकन गरिनेछ ।

१०.३ करदाताले दाखिला गरेको मूल्यांकनदरमा एक वर्षसम्म कुनै पनि संशोधन गरिने छैन । तर, करदाताले आफ्नो सम्पत्तिको मूल्यांकनमा संशोधन गर्न चाहेमा निजको निवेदनका आधारमा कारण मनासिव भएमा नगरपालिकाले पाँच वर्षमा एकपटकसम्म मूल्यांकनदर संशोधन गरिदिनसक्नेछ । तर वैदेशिक प्रयोजनको लागि गरिएको सम्पत्ति मूल्यांकनमा यो प्रावधान लागु हुने छैन ।

१०.४ बुँदा नं. १०.३ बमोजिम मूल्यांकनदर संशोधन गर्दा नगरपरिषद्ले गरेको न्यूनतम मूल्यांकन हदभन्दा कम हुने गरी संशोधन गर्न सकिने छैन ।

१०.५ संरचनाको मूल्यांकन प्रयोजनका लागि ह्रास कट्टी गर्दा अनुसूची - ८ बमोजिमको दररेटअनुसार पाँच वर्षका लागि एकैपटक गरिनेछ । यसरी ह्रास कट्टी गर्दा संरचनाको दश प्रतिशत मूल्यलाई शेष मूल्य कायम राखि नब्बे प्रतिशतसम्म ह्रास कट्टी गरिनेछ ।

१०.६ एउटै कित्ताबाट एकै आ.व.मा पटक पटक कि.का भई खरीद बिक्रि हुने जग्गाको मूल्यांकन सिफारीस गर्दा वा रजिष्ट्रेशन प्रयोजनका लागि सिफारिस गर्नु पर्दा न.पा.ले तोकेबमोजिमको सेवाशुल्क लाग्नेछ ।

**११ विवरण पेस नगर्ने करदाताको सम्पत्तिको मूल्यांकनसम्बन्धी व्यवस्था**

११.१ कुनै करदाताले आफ्नो सम्पत्तिको विवरण दाखिला नगरेमा प्रमुख वा कार्यकारी अधिकृतले त्यस्ता व्यक्तिलाई विवरण दाखिला गर्न लिखित आदेश वा सूचना दिन सक्नेछ । त्यस्तो आदेश वा सूचनाको जानकारी पत्रपत्रिका वा फ्याक्समार्फत पनि जारी गर्न सकिनेछ । यस्तो आदेश पाएको वा सूचना जारी भएको मितिले बाटोको म्याद बाहेक एक महिनाभित्र आफ्नो सम्पत्तिको विवरण दाखिला गर्नुपर्ने दायित्व सम्बन्धित करदाताको हुनेछ ।

११.२ बुँदा नं. ११.१ बमोजिम सम्पत्तिको विवरण दाखिला गर्न दिएको समयावधिभित्र सम्पत्तिको विवरण दाखिला नगरेमा कार्यकारी अधिकृत वा तोकिएको कर्मचारीले स्थलगत रूपमा बुझी अनुमानित कर तोकी विवरण बुझाउन लिखित आदेश दिन सक्नेछ ।

तर, मूल्यांकन समिति कार्यरत रहेको अवस्थामा भने यस बुँदाबमोजिमको कार्य मूल्यांकन समितिले गर्नेछ ।

११.३ बुँदा नं. ११.२ बमोजिमको आदेश पाएको मितिले पैंतीस (३५) दिनभित्र यथार्थ विवरण पेस गरी जरिबानाका साथै कररकम चुक्ता गर्ने दायित्व सम्बन्धित करदाताको हुनेछ ।

११.४ बुँदा नं. ११.२ बमोजिमको आदेश पाएको मितिभित्र पनि करदाताले विवरण बुझाई कर दाखिला नगरेमा नगरपालिकाले निजको नाममा रहेको चलअचल सम्पत्ति रोक्का राखी वा अन्य कुनै तरिकाले कर असुल गर्न सक्नेछ ।

११.५ ११.४ बमोजिम कर असुल गर्दा कार्यकारी अधिकृतले लागेको सम्पूर्ण खर्चसमेत सम्बन्धित करदाताबाट असुलउपर गर्न सक्नेछ । यस्तो खर्च निजले तिर्नुपर्ने कर रकमको दोब्बरभन्दा बढी हुनेछैन ।

## परिच्छेद - ४
## एकीकृत सम्पत्तिकरको दररेट निर्धारण तथा बिलिङसम्बन्धी व्यवस्था :

### १२ एकीकृत सम्पत्तिकरको दररेट तथा अन्य शुल्क निर्धारण

१२.१ स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४४ को उप-नियम १ को सीमाभित्र रही नगरपरिषद्ले एकीकृत सम्पत्तिकरको स्ल्याब तथा दर निर्धारण गर्न सक्नेछ ।

१२.२ बुँदा नं. १२.१ को प्रयोजनका लागि एकीकृत सम्पत्तिकरको स्ल्याब तथा करको दर अनुसूची – ९ बमोजिमको ढांचामा स्वीकृत गर्नुपर्नेछ ।

१२.३ बुँदा नं. १२.१ बमोजिम नगरपरिषद्बाट करको स्ल्याब तथा दर निर्धारण नभएको अवस्थामा अनुसूची - १० बमोजिम सुत्र प्रयोग गरी कर निर्धारण गर्न सकिनेछ ।

१२.४. नगरपालिकाले नगरपरिषदको निर्णयबमोजिम नगरबासीहरूलाई फोहोरमैला व्यवस्थापन, सरसफाइ, सडकबत्ती, ढलनिकासजस्ता आफूले उपलब्ध गराउने सेवासुविधाका निम्ति एकीकृत सम्पत्तिकरको निश्चित प्रतिशत शुल्क वा दस्तुर थप गरी लगाउन सक्नेछ ।

१२.५ बुँदा नं. १२.४ बमोजिम थप सेवासुविधाको निम्ति लगाइएको थप शुल्क वा दस्तुरबापत उठेको रकमको अलग हिसाब राखी सम्बन्धित सेवासुविधाका लागि मात्र खर्च गर्नु पर्नेछ । उक्त सेवा उपलब्ध गराएबापत अन्य कुनै तरिकाबाट वा अन्य कुनै निकायले पुनः शुल्क वा दस्तुर लिन पाउनेछैन ।

### १३. कर बिलिङ

१३.१ सम्पत्तिको मूल्यांकन तथा कर निर्धारण भइसकेपछि अनुसूची - ११ बमोजिम ढाँचामा एकीकृत सम्पत्तिकरको बिजक तयार गरी करदातालाई उपलब्ध गराउनु पर्दछ ।

१३.२ एकीकृत सम्पत्तिकर बिजकको हरीयो रंगको पहिलो प्रति सम्बन्धित करदातालाई उपलब्ध गराई रातो रंगको दोस्रो प्रति सम्बन्धित करदाताको फाइलमा राख्नु पर्नेछ ।

१३.३ एकीकृत सम्पत्तिकरको बिजक नगरपालिकाले सम्बन्धित करदाताको घरमै पठाउने व्यवस्था गर्नेछ । सोअनुसारको व्यवस्था हुन नसकेमा सोको जानकारी सूचना प्रकाशन वा उपलब्ध सञ्चारका माध्यमहरूको प्रयोग गरी करदाताहरूलाई दिइनेछ ।

१३.४ नगरपालिकाले प्रत्येक आर्थिक वर्षको मंसिरसम्ममा एकीकृत सम्पत्तिकरको बिजक करदातालाई बुझाउनु पर्नेछ । यस्तो बिजक बुझाउन नगरपालिकाले आपसी सम्झौताका आधारमा कुनै सामुदायिक संघसंस्था, टोल बिकास संगठन वा निजी क्षेत्रलाई परिचालन गर्न सक्नेछ ।

१३.५ नगरपालिकाबाट एकीकृत सम्पत्तिकरको बिजक तयार भइनसकेको अवस्थामा करदाताले कर बुझाउन चाहेमा तत्कालै बिजक तयार गरी असुल गरिनेछ ।

१३.६ नगरपालिकाले जारी गरेको बिजकउपर कसैलाई चित्त नबुझेमा अनुसूची - १२ को ढाँचामा नगरपालिकाप्रमुखसमक्ष उजुरी दिन सक्नेछन् । यसरी पर्न आएको निवेदन प्रमुखले जाँचबुझ गर्न लगाई एक महिना भित्र निर्णयका लागि नगरपालिकामा पेस गर्न लगाउनु पर्नेछ र नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

## परिच्छेद - ५
## एकीकृत सम्पत्तिकर असुली सम्बन्धी व्यवस्था :

महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको कार्यालय ३ प्रदेश, ललितपुर कमलपोखरी, २०७३

### १४ एकीकृत सम्पत्तिकर असुली

१४.१ नगरपालिकाले एकीकृत सम्पत्तिकर संकलनका लागि नगरपालिकाको राजश्व शाखा गठन गरी कार्य गर्नेछ । एकीकृत सम्पत्तिकरसम्बन्धी सम्पूर्ण अभिलेखहरू उक्त शाखाप्रमुखको जिम्मामा रहनेछ ।

१४.२ एकीकृत सम्पत्तिकरको संकलन अनुसूची - १३ बमोजिमको नगदी रसिदबाट हुनेछ । नगदी रसिदको सेतो रंगको पहिलो प्रति सम्बन्धित करदाताको फाइलमा राखी पहेंलो रंगको दोस्रो प्रति सम्बन्धित करदातालाई उपलब्ध गराउनु पर्नेछ ।

१४.३ एकीकृत सम्पत्ति कर असुली रकमको दैनिक विवरण अनुसूची - १४ बमोजिमको ढाँचामा तयार गरी सोको भोलिपल्ट बैंक दाखिला गर्नु पर्नेछ । बैंक दाखिला भौचर र विवरण आर्थिक प्रशासन शाखामा बुझाउनु सम्बन्धित शाखा प्रमुखको कर्तव्य हुनेछ ।

१४.४ एकीकृत सम्पत्तिकरको असुली विवरण अनुसूची- ३ बमोजिमको खातामा अद्यावधिक राख्नु पर्नेछ ।

१४.५ नगरपालिकाले प्रत्येक करदाताको घरदैलोबाटै कर असुल गर्नका लागि मौजुदा कर्मचारी, टोल विकास संस्था, स्थानीय सामुदायिक संघसंस्था र निजी क्षेत्रलाई परिचालन गर्न सक्नेछ । यसरी स्थानीय सामाजिक संघसंस्था वा टोल विकास संगठनमार्फत कर असुल गर्दा नगरपालिकाले उठेको कररकमको निश्चित प्रतिशत रकम सोही संस्थामार्फत आपसी सम्झौताको आधारमा कर उठाएको क्षेत्रमा विकास निर्माणकार्यमा खर्च गर्नेगरी उपलब्ध गराउन सक्नेछ ।

१४.६ स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४४ को उपनियम १६ बमोजिम एकीकृत सम्पत्तिकर नलाग्ने भनी तोकिएका सम्पत्तिका हकमा नगरपालिकाले सम्पत्तिको मूल्यांकन गरी कर नलाग्ने बेहोरा जनाई नगदी रसिद उपलब्ध गराउनु पर्नेछ । तर बुँदा नं. १२.४ बमोजिम लगाइएको सेवाशुल्क तथा दस्तुर बुझाउनु सम्बन्धित सेवाग्राहीको कर्तव्य हुनेछ ।

१४.७ करदाताहरूले नगरपालिकामा सम्पत्तिको विवरण दाखिला नगरेको वा नगरपालिकाले सम्पत्ति पहिचान गर्न नसकेका कारणले कुनै करदाता कर तिर्ने दायित्वबाट मुक्त हुने छैनन् ।

१४.८ नगरपालिकाबाट एकीकृत सम्पत्तिकर लागू गर्ने निर्णय भइसकेपछि सो आर्थिक वर्षमा मालपोत वा भूमिकर उठाउन पाइनेछैन । कुनै कारणले सो आर्थिक वर्षको श्रावण १ गतेबाट एकीकृत सम्पत्तिकर बुझिलिन नसक्ने भएमा निश्चित अवधिसम्मका लागि एकीकृत सम्पत्तिकर धरौटी लिई फुकुवापत्र दिन सकिनेछ ।

१४.९ करदाताले अग्रीम रुपमा एकीकृत सम्पत्ति कर बुझाउन चाहेमा नगरपालिकाले लाग्ने करको अनुमान गरी अग्रीम रुपमा रकम बुझ्न सक्नेछ । नगरपालिकाले यसरी बुझेको रकमलाई धरौटीको रुपमा राखि प्रत्येक बर्ष कर रकममा मिलान गर्नेछ ।

१४.१० करदाताले बक्यौता रकम मध्ये केही रकम बुझाउन चाहेमा नगरपालिकाले अघिल्ला वर्षहरुबाट क्रमस रकम बुझिलिन सक्नेछ । यसरी बक्यौता असुल गर्दा अघिल्लो बर्षको बाँकी राखि चालु आर्थिक वर्षको शकर रकम बुझ्न पाइने छैन । बुझेको पाईएमा नगरपालिकालाई भएको नोक्सानी सम्बन्धित कर्मचारीबाट असुल गरी हानी नोक्सानी पुरयाए सरहको कारवाही गरिनेछ ।

१४.११ करदाताले आफ्नो स्वामित्वमा रहेका जग्गा र भौतिक संरचना तर्फको मूल्यांकन गर्नका लागि एकीकृत सम्पत्तिकर निर्धारण फारम अनुसूची - १५ बमोजिमको ढाँचामा तयार गरिनेछ ।

## परिच्छेद - ६
## पुरस्कार, मिनाहा तथा दण्ड जरिबानासम्बन्धी व्यवस्था

### १५ विवरण दाखिला नगरेमा हुने जरिबाना :

१५.१ नगरपालिकाले सम्पत्तिविवरण दाखिला गर्न तोकेको म्यादभित्र दाखिला नगरेमा अनुसूची - १६ बमोजिम थप शुल्क लिई सम्पत्तिको विवरण बुझिलिनेछ ।

१५.२. करदाताले झुट्टा विवरण दाखिला गरेको प्रमाणित भएमा निजको सम्पत्तिको पुन: मूल्यांकन गरी जरिबानासहितको कररकम असुल उपर गरिनेछ । यस्तो जरिवाना लुकाएको सम्पत्तिको प्रति वर्ष ०.५ प्रतिशतले हुन आउने रकम बराबर हुनेछ ।

१५.३ सम्पूर्ण जग्गाको विवरण दाखिला नगरेको, सडकले छोएको सम्बन्धी विवरण सहि नदिएको, एउटै व्यक्तिको सम्पत्तिको दुई पटक सम्पत्ति विवरण दाखिला गरेको, सक्कल कागजातलाई केरमेट गरी अन्यथा गरेको, संरचनाको पूरा तल्लाको संख्या उल्लेख नगरेको, एक तल्लाको क्षेत्रफलमा पन्ध्र प्रतिशतभन्दा बढी फरक पारेको, संरचनाको प्रकार तथा बनोटको किसिम फरक पारेको र संरचनाको प्रयोगसम्बन्धमा गलत विवरण दाखिला गरेको वा मूल्यांकनलाई तात्विक असर पर्ने गरी गरिएको पाइएमा सोलाई झूट्टा विवरण दाखिला गरेको मानी बुँदा नं. १५.२ बमोजिम पुनः कर निर्धारण गरी र जरिबानासमेत असुलउपर गरिनेछ ।

१५.४ नेपाल सरकार तथा नगरपालिकाले तोकेको मापदण्ड विपरित बनेका भौतिक संरचनालाइ पनि प्रचलित कानून बमोजिम मूल्यांकन गरी सम्पत्तिकर असुल गरिनेछ । यसरी असुल गरिएको राजश्वको आधारमा त्यस्ता भौतिक संरचनाले वैधानिकता पाउने छैन ।

१५.५ कुनै सम्पत्ति धनीले झूट्टा विवरण दाखिला गरेको भनी नगरपालिकामा उजुरी प्राप्त भएमा सो उजुरीउपर ३५ दिनभित्र जाँचबुझ गर्नु पर्नेछ ।

१५.६ बुँदा १५.४ बमोजिमको उजुरी सही ठहरिएमा उजुरी दिने व्यक्ति, संगठन वा संस्थालाई जरिबानाको ५० प्रतिशत पुरस्कार दिई सोको अभिलेख गोप्य राखिनेछ ।

## १६ कर छूट तथा जरिबाना सम्बन्धी व्यवस्था :

१६.१ नगरपालिका क्षेत्रभित्रका सम्पत्तिधनीले प्रत्येक वर्षको एकीकृत सम्पत्तिकर सोही आर्थिक वर्षभित्र भुक्तानी गरिसक्नु पर्नेछ ।

१६.२ प्रत्येक आर्थिक वर्षमा बुझाउनुपर्ने एकीकृत सम्पत्तिकर सोही आर्थिक वर्षको पहिलो तीन महिना (असोज मसान्त) भित्र बुझाएमा लाग्ने कररकममा दस प्रतिशत छुट दिइनेछ ।

१६.३ बक्यौताकर भुक्तानी गर्दा देहायअनुसार जरिबाना लाग्नेछ :

क) एक वर्षको बक्यौतामा सोको दश प्रतिशतले हुन आउने रकम ।

ख) एक वर्षभन्दा बढीको बक्यौतामा प्रतिवर्ष पन्ध्र प्रतिशतले हुन आउने रकम, तर यस्तो जरिवाना रकम कर रकम भन्दा बढी हुने छैन ।

१६.४ पाँच वर्षसम्म एकीकृत सम्पत्तिकर भुक्तानी नगर्ने करदाताका नाममा रहेको घरजग्गा रजिस्ट्रेसन रोक्का राख्ने गरी कारबाही गर्न सकिनेछ ।

१६.५ घरजग्गा रोक्का राखेको दस वर्षसम्म पनि करदाताले कर चुक्ता नगरेमा सम्बन्धित करदाताको सम्पत्ति प्रचलित कानुनबमोजिम कारवाही गरी कर तथा जरिबाना असुलउपर गर्न सकिनेछ ।

१६.६ एकीकृत सम्पत्तिकर बक्यौता राख्ने करदातालाई नगरपालिकाले उपलब्ध गराउँदै आएको आकस्मिक बाहेकका अन्य सेवा र सुविधा बन्द गरिनेछ ।

१६.७ राजश्व शाखाबाट कर चुक्ता भएको प्रमाण पेस नगरेसम्म नगरपालिका नयाँ सेवा तथा सुविधाहरू उपलब्ध गराउन बाध्य हुनेछैन ।

१६.८ यो निर्देशिकाबमोजिम निर्धारण भएको कर तथा जरिबाना नगरपालिकाको कुनै पनि निर्णयबाट छूट वा मिनाहा दिन पाइने छैन । यो बुँदाविपरीत नगरपालिकाको कुनै समिति, पदाधिकारी वा कर्मचारीले मिनाहा दिएको खण्डमा मिनाहा दिएको रकम निजबाट असुलउपर गरिनेछ ।
तर कुनै करदाताको सम्पत्ति भूकम्प, बाढी, पहिरो, आगलागीजस्ता प्राकृतिक प्रकोपका कारण क्षति भएमा प्राप्त निवेदनका आधारमा जाँचबुझ गरी प्रमाणित भएमा क्षतिबराबरको सम्पत्तिमा लाग्ने कर नगरपालिकाले मिनाहा दिन सक्नेछ ।

१६.९ एकीकृत सम्पत्तिकर चुक्ता भइसकेको कुनै सम्पत्तिमा एक आर्थिक बर्ष भित्र सोही व्यक्तिको नाममा पुनः कर लाग्नेछैन तर सम्पत्तिको हक हस्तान्तरण भएको अवस्थामा पुन कर लाग्नेछ ।

१६.१० एकीकृत सम्पत्तिकर लागू हुनुपूर्व उक्त सम्पत्तिमा लाग्ने मालपोत बुझाउने दायित्व सम्बन्धित करदाताको हुनेछ ।

१६.११ एकीकृत सम्पत्तिकर लागू हुनुभन्दा अघिका आर्थिक वर्षको मालपोत चुक्ता नभएसम्म नगरपालिकाले एकीकृत सम्पत्तिकर बुझिलिनेछैन ।

## परिच्छेद ७
## विविध

१७ परामर्शदाता नियुक्त गर्नसक्ने : एकीकृत सम्पत्तिकरको मूल्यांकन गरी बिजक तयार गर्ने काम मौजुदा कर्मचारीबाट निर्धारित समयमा सम्पन्न गर्न नसकिने भएमा नगरपालिकाले समय, लागत र कार्य तोकी छोटो अवधिका लागि परामर्शदाता नियुक्त गरी कार्य गर्न सक्नेछ ।

१८ कर्मचारीलाई अतिरिक्त समय कार्य गराएबापत सुविधा दिनसक्ने : एकीकृत सम्पत्तिकरको मूल्यांकन गरी बिजक तयार गर्ने काम निर्धारित समयमा कार्यालयसमयमा सम्पन्न गर्न मौजुदा कर्मचारीलाई अतिरिक्त समय कार्य गराउन सकिनेछ । यस्तो काम गरेबापत प्रतिएकाई कार्यको निमित्त नगरपालिकाले तोकेको दरले थप सुविधा दिन सकिनेछ वा यस्ता कर्मचारीहरुको हकमा तलबमा थप अतिरिक्त भत्ता दिन सक्नेछ ।

१९ कागजातको गोप्यता : एकीकृत सम्पत्तिकर प्रयोजनका लागि करदाताबाट प्राप्त कागजात तथा अभिलेख गोप्य राखिनेछ । यस्तो कागजात तथा अभिलेख नगरपालिकाको प्रयोजनका बाहेक अन्य कार्यमा प्रमाणको रुपमा काम लाग्ने छैन ।

तर, कुनै सरकारी निकायबाट सोसम्बन्धी जानकारी माग भई आएमा कार्यकारी अधिकृतले उपलब्ध गराउन सक्नेछ ।

२० खाता तथा फाराम : एकीकृत सम्पत्तिकरको प्रयोजनका लागि नगरपालिकाले आवश्यक खाता तथा फारामको विकास गरी लागू गर्न सक्नेछ ।

२१ सम्पत्ति मूल्यांकन सिफारिश तथा घरवाटो प्रमाणितको आधार : एकीकृत सम्पत्तिकरका लागि करदाताले नगरपालिकासमक्ष दाखिला गरेको सम्पत्ति विवरणका आधारमा नगरपालिकाले सम्पत्तिको मूल्यांकन सिफारिस तथा घरवाटो प्रमाणित गर्नेछ ।

२२ सहयोग लिनसक्ने : नगरपालिकाले जग्गा तथा संरचनाको लगत अद्यावधिक गर्ने कार्यालयका लागि जग्गाको नापी गराउने, जग्गा खरिद विक्रको सूचना प्राप्त गर्ने, जग्गाको मूल्यांकन दर कायम गर्ने जस्ता कार्यको लागि जिल्ला स्थित मालपोत कार्यालय, नापी कार्यालय जस्ता कार्यालयसंग समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

२३ सम्मान गर्ने : नगरपालिकाले सबैभन्दा बढी कर तिर्ने, समयमा नै कर बुझाउने, करदातालाई कर तिर्न प्रोत्साहन गर्ने र एकीकृत सम्पत्तिकर असुलीमा सहयोग पुऱ्याउने करदातामध्ये प्रत्येक वर्ष उत्कृष्ट करदाताका रूपमा प्रत्येक वडाबाट न्युनतम एक जनालाई सम्मान प्रदान गर्नसक्नेछ ।

२४ विवरण सार्वजनिक गर्नुपर्ने : नगरपालिकाले मासिक रूपमा असुल भएको एकीकृत सम्पत्तिकर र वार्षिक रूपमा उठेको एकीकृत सम्पत्तिकर तथा सोसम्बन्धमा भएका क्रियाकलापको समीक्षासहित सार्वजनिक गर्नु पर्नेछ ।

२५ अभिमुखीकरण कार्यक्रम : एकीकृत सम्पत्तिकर लागू गर्नुपूर्व नगरपालिकाले पदाधिकारी, कर्मचारी तथा सरोकारवालालाई जानकारी गराउन तथा रायसुझाव संकलन गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन तथा अध्ययन भ्रमण गर्न सकिनेछ ।

२६ अधिकार प्रत्यायोजन : यो निर्देशिकाबमोजिम कार्यकारी अधिकृतलाई प्राप्त अधिकार मातहतका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७ निर्देशिकाको व्याख्या : यो निर्देशिकाको अन्तिम व्याख्या नगरपरिषद् वा परिषद्को अधिकारप्राप्त निकायले गर्नेछ ।

२८ निर्देशिका संशोधन : ऐन तथा नियमावली संशोधन भई यो निर्देशिकाका प्रावधानहरू उक्त ऐन नियमको प्रतिकूल भएको अवस्थामा बाहेक अन्य अवस्थामा यो निर्देशिका संसोधन हुनेछैन ।

२९ बाधा अडचन फुकाउ : स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ तथा यस निर्देशिकामा व्यवस्था भएका व्यवस्था बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय नगरपालिकाले गर्नेछ । विषेश अवस्था परी सम्पत्ति मूल्यांकन गरिएको पाँच वर्ष पछि पुन सम्पत्ति मूल्यांकन गर्न नसक्ने अवस्था आएमा नगरपरिषदले अघिल्लो मूल्यांकनलाई आधारमा एकीकृत सम्पत्तिकर असुल गर्ने व्यवस्था गर्न सक्नेछ ।

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
३ प्रदेश, नेपाल
कमलपोखरी, ललितपुर
२०७३

अनुसूची -१

निर्देशिकाको परिच्छेद २ को ४.३, ५.१., ५.४ सँग सम्बन्धित

एकीकृत सम्पत्तिको विवरण दाखिला फाराम

# महालक्ष्मी नगरपालिका कार्यालय
# ललितपुर

## एकीकृत सम्पत्तिकर प्रयोजनका लागि सम्पत्ति विवरण दाखिला फाराम

श्रीमान् कार्यकारी अधिकृतज्यू,
महालक्ष्मी नगरपालिका कार्यालय,
कमलपोखरी, ललितपुर ।

महोदय,

यस नगरपालिकाको मिति २०..।.....।......गते प्रकाशित सूचना अनुसार मैले / हामीले एकीकृत सम्पत्तिकर मूल्यांकनका लागि तपसिलमा लेखिए बमोजिमको सम्पत्तिको विवरण दाखिला गरेको छु / छौं । यस बमोजिम नगरपालिकाले एकीकृत सम्पत्तिकर निर्धारण गरिदिएमा मेरो / हाम्रो मञ्जुर छ । तपसिलमा उल्लेखित विवरणहरू झूट्टा ठहरे नगरपालिकाको निर्णय तथा कानुन बमोजिम दण्डसजाय सहुँला बुझाउँला ।

क) सम्पत्तिधनीको विवरण

१. जग्गा / घरधनीको नाम र थर :

२. बाबु / पतिको नाम र थर :

३. बाजे / ससुराको नाम र थर :

४. पेसा / व्यवसाय :

५. घरजग्गा धनी बसोबास गर्ने
   न.पा. / गाविस :
   वडा नं. :
   टोल / बस्ती / घर नं. :
   टेलिफोन नं. :

ख) विवरण दाखिला गर्ने व्यक्तिको विवरण

दस्तखत :

नाम र थर :
ठेगाना :
जग्गा / घरधनीको नाता :

मितिः
सम्पर्क नंः

६. सम्पत्तिधनीको पारिवारिक विवरण :

| क्र. सं. | परिवारका सदस्यहरूको नाम | सम्पत्तिधनीको नाता |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |

आत्माराम सत्याल
कार्यकारी अधिकृत

ग) सम्पत्तिको विवरण :

